फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ३ संख्याः १ मितिः २०७७/०१/२२

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

# फलेवास नगर कार्यपालिकाको विपन्न घरधुरीको लागि शौचालय निर्माण सम्वन्धी कार्यविधि, २०७७

कार्यपालिकावाट स्वीकृत मितिः २०७७/०१/२२

**प्रस्तावनाः**

फलेवास नगर कार्यपालिकाद्धारा नगर क्षेत्र भित्र हाल सम्म शौचालय निर्माण गर्न नसकेको विपन्न परिवारहरुको लागि सहयोग पुर्‍याउने र सो कार्यलाई अभियानको रुपमा व्यवस्थित गरी पूर्ण शौचालय सहितको फलेवास नगरपालिका बनाउने लक्ष्यका साथ शौचालय निर्माण कार्यलाई व्यवस्थित गर्न फलेवास नगर कार्यपालिकाको कार्य सम्पादन नियमावली, २०७४ को नियम ३० मा भएको व्यवस्था बमोजिम यो विपन्न घरधुरी शौचालय निर्माण सम्वन्धी कार्यविधि, २०७७ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम फलेवास नगर कार्यपालिकाको विपन्न घरधुरी शौचालय निर्माण सम्वन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि फलेवास नगर कार्यपालिकाले निर्णय गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस कार्यविधिमाः

(क) अध्यक्ष भन्नाले सम्वन्धित वडाको वडाध्यक्ष सम्झनु पर्दछ ।

(ख) कार्यक्रम भन्नाले फलेवास नगर कार्यपालिकावाट स्वीकृत भई सम्पूर्ण वडामा सञ्चालन गरिने विपन्न घरधुरीको शौचालय निर्माण कार्यक्रम सम्झनु पर्दछ ।

(ग) उपभोक्ता भन्नाले वडा समितिको निर्णय अनुसार छनौट गरिएका शौचालय निर्माण सहयोग लिने विपन्न परिवार सम्झनु पर्दछ ।

(घ) अनुगमन समिति भन्नाले विपन्न घरधुरी शौचालय निर्माण कार्यक्रम कार्यान्वयको लागि वडा स्तरमा अनुगमनको लागि गठन गरिएको समिति सम्झनु पर्दछ ।

(ङ) कार्यालय भन्नाले फलेवास नगर कार्यपालिकाको कार्यालयलाई बुझाउंछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(च) कार्यपालिका भन्नाले फलेवास नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) संयोजक भन्नाले वडा स्तरमा कार्यक्रम अनुगमनको लागि गठन गरिएको समितिको संयोजक सम्झनु पर्दछ ।

(झ) सम्झौता भन्नाले शौचालय निर्माण गर्ने विपन्न परिवार र वडा समिति बीचमा भएको अनुसूची १ बमोजिमको लिखित कवुलियतनामा वा दुईपक्षीय सम्झौतालाई जनाउनेछ ।

३. **कार्यविधिको पालना गर्नुपर्ने** :

(१) नगर कार्यपालिकाको कार्यालय, वडा समिति, वडा कार्यालय, अनुगमन समिति, सम्झौता गरेका उपभोक्ताद्धारा पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्दछ ।

४. **कार्यविधिको उद्देश्यः**

१ नगरपालिकाको क्लिन फलेवास ग्रीन फलेवास अभियानमा प्रभावकारिता ल्याउने,

२ विपन्न परिवारहरुको लागि शौचालय निर्माण कार्यमा साझेदारी गर्ने,

३ स्वच्छ टोल निर्माणको लागि सामाजिक एकता सद्भाव अभिबृद्धिमा सहयोग पुर्याउने,

४ निर्धारित समयमा तोकिए बमोजिम शौचालय निर्माण कार्य सम्पन्न गर्ने वातावरण तयार पार्ने,

५. **जग्गा प्राप्ती** :

(१) शौचालय निर्माणको लागि आवश्यक पर्ने जग्गा लाभग्राही आफैले व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपयुक्त जग्गा नहुने परिवारलाई स्थानीय व्यक्ति, संघ संस्थाले पनि त्यस्तो जग्गा उपलब्ध गराउन सक्नेछन ।

(३) सामुदायिक असर नपर्ने र वातावरणीय प्रतिकुल नहुने गरी जग्गा छनौट गर्ने अधिकार स्वयं लाभग्राहीको हुनेछ ।

६. **सहलगानी**

(१) विपन्न परिवारको लागि शौचालय निर्माण गर्न तोकिएका सामाग्री प्रयोग गर्ने गरी बढिमा रु.१०,००० ( दश हजार) नगर कार्यपालिकाको कार्यालयले उपलब्ध गराउने छ ।

(२) कार्यालयले उपलब्ध गराउने वाहेकको लागत स्वयं लाभग्राहीले व्यहोर्नुपनेछ, तर अन्य निकाय, व्यक्तिले सहयोग गर्न यो कार्यविधिले कुनै वाधा पार्ने छैन ।

(३) कार्यालयले व्यहोर्ने रकम शौचालय निर्माण कार्य सम्पन्न गरी विल भर्पाइ पेश गरे पछि कार्यालयवाट प्रदान गरिने छ ।

## ७. खरिद व्यवस्थापन

(१) खरिद व्यवस्थापन कार्य स्वयं लाभग्राहीको हुनेछ, तर उक्त कार्यमा अनुगमन समितिको सहयोग लिन वाधा पर्ने छैन ।

(२) लाभग्राहीद्धारा खरिद गरिएको विल भर्पाई कार्यालयमा भुक्तानी लिने प्रयोजनका लागि पेश गर्नु पर्नेछ ।

## ८. शौचालय निर्माण :

(१) शौचालय निर्माण डिजाइन कार्यालयद्धारा वडा मार्फत सम्वन्धित लाभग्राहीलाई उपलब्ध गराउनेछ ।

(२) शौचालय निर्माणको जिम्मेवारी सम्पूर्ण लाभग्राही स्वयंमको हुनेछ ।

(३) शौचालय न्यूनतम तथा आधारभूत सुविधा भएको फोहोर सुरक्षित हुने गरी पक्की निर्माण गर्नु पर्नेछ ।

(४) शौचालय निर्माण कार्यको अनुगमन वडास्तरमा गठन गरिएको अनुगमन समितिवाट हुनेछ ।

(५) आवश्यक देखिएमा शौचालय निर्माण कार्यको सुपरिवेक्षण नगर कार्यपालिकाको कार्यालयवाट हुनेछ ।

(६) शौचालय निर्माण कार्य २०७७ साल अषाढ २० गते सम्म निर्माण गरिसक्नु पर्नेछ ।

## ९. भुक्तानी प्रकृया

(१) कार्यालयद्धारा प्रदान गरिने प्रोत्साहन रकम सम्झौतानुसार उपलब्ध गराउनेछ ।

(२) कार्यालयवाट उपलब्ध गराईने नगद प्रोत्साहन प्राप्त गर्न  सवै लाभग्राहीले नगरले तय गरेको मोडलमा शौचालय निर्माण गर्नु पर्नेछ, ।

(३) शौचालय निर्माण भएको भुक्तानी लिन शौचालय निर्माण  गर्दै गर्दाको अवधीको फोटो र शौचालय निर्माण सम्पन्न भए पछिको फोटो पेश गर्नु पर्नेछ ।

(४) टोल विकास संस्थाले शौचालय निर्माण भएको सिफारिस र वडा स्तरीय अनुगमन समितिको सिफारिस पेश गर्नुपर्नेछ ।

(४) नगद भुक्तानी लिन तोकिएको सामान खरिदका सक्कलै विल भर्पाइ पेश गर्नु पर्नेछ,

## ११. अनुगमन समितीः

(१) शौचालय निर्माण कार्यमा आइपर्ने समस्या समाधान गर्न र निर्माण कार्यको अनुगमन गर्न तथा भुक्तानी प्रकृयामा सहयोग गर्न वडा स्तरमा एक अुनगमन समिति रहनेछ,

(२) उपदफा १ अनुसारको अनुगमन समितिमा देहायका पदाधिकारी रहनेछन ।

| | |
|---|---|
| क) वडाध्यक्ष | - संयोजक |
| ख) वडा सदस्य मध्ये १ जना | - सदस्य |
| ग) टोल विकास संस्थाका संयोजक मध्ये १ जना | - सदस्य |
| घ) लाभग्राहीहरु मध्ये उनिहरुले छानेको १ जना | - सदस्य, |
| ङ) वडा सचिव  १ जना | - सदस्य, |
| च) सामाजिक परिचालक वा सामाजिक अभियन्ता मध्ये १ जना | - सदस्य सचिव |

**११. व्यवस्थापनः**

(१) शौचालयको रेखदेख, मर्मत सम्भार, सञ्चालन र उपयोग सम्वन्धी सम्पूर्ण कार्य स्वय. लाभग्राहीको हुनेछ ।

**१२. थपघट र वाधा अड्काउ फुकाउः**

(१) यस कार्यविधिमा थपघट, संशोधन र वाधा अड्काउ सम्वन्धी अधिकार नगर कार्यपालिकाको हुनेछ,

## अनुसुची १

# सम्झौता-पत्र

फलेवास नगर कार्यपालिकाद्धारा नगर क्षेत्र भित्र हाल सम्म शौचालय निर्माण गर्न नसकेको विपन्न परिवारहरुको लागि सहयोग पुर्‍याउने र सो कार्यलाई अभियानको रुपमा व्यवस्थित गरी पुर्ण शौचालय सहितको फलेवास नगरपालिका बनाउने लक्ष्यका साथ फलेवास नगरपालिका वडा नं .... , ........... (यस पश्चात प्रथम पक्ष भनिएको) र वडा नं. ...... निवासी श्री ..................................... (यस पश्चात दोस्रो पक्ष भनिएको) को बीचमा तपसिलमा उल्लिखित शर्तहरुको पालना गर्न मन्जुर भई शौचालय निर्माण कार्य सम्पन्न गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी लिनेदिने गरियो ।

**सम्झौताका शर्तहरुः**

**प्रथम पक्षको भूमिकाः**

१ दुई पक्षीय सम्झौता गर्ने र वडा कार्यालयमा अभिलेख राख्ने ।

२ आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने । दोस्रो पक्षलाई शौचालयको डिजाइन तथा ल.ई उपलब्ध गराउने ।

३ दोस्रो पक्षको कामको नियमित अनुगमन गर्ने।

४ दोस्रो पक्षलाई नगर कार्यपालिकाद्धारा स्वीकृत विपन्न घरधुरीको लागि शौचालय निर्माण सम्वन्धी कार्यविधि, २०७७ अनुसारको सहयोग उपलब्ध गराउन सहजीकरण, विलभर्पाइ संकलन गर्न सहयोग गरि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

५ शौचालय निर्माण कार्य सम्पन्न भएपछि वडा कार्यालयवाट अनुगमन गराई नियमानुसारको प्रोत्साहन रकम उपलब्ध गराउने ।

६ आवश्यक कागजात संकलन गर्ने, र नगरकार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

७ यो सम्झौतामा संशोधन गर्ने पूर्ण अधिकार प्रथम पक्षको हुनेछ ।

८ यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**दोस्रो पक्षको जिम्मेवारी :**

१ शौचालय निर्माण कार्य मिति ............................... मा शुरु गरी ................................... सम्ममा सम्पन्न गर्नुपर्नेछ ।

२ प्रथम पक्षले उपलब्ध गराएको डिजाईन तथा ल.ई बमोजिमको शौचालय निर्माण गर्नुपर्नेछ ।

३ शौचालय निर्माणको लागि आवश्यक सवै प्रकारको निर्माण सामाग्री दोस्रो पक्ष आफैले व्यवस्था गर्नुपर्नेछ ।

४ शौचालय निर्माण कार्य सम्पन्न भए पश्चात प्रथम पक्षले उपलब्ध गराउने प्रोत्साहन रकम लिन दोस्रो पक्षले आवश्यक सम्पूर्ण विल भर्पाईहरु प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

५ तोकिएको समयभित्र शौचालय निर्माण सम्पन्न नगरेमा प्रथम पक्ष प्रोत्साहन अनुदान दोस्रो पक्षलाई उपलब्ध गराउन बाध्य हुनेछैन जसको लागि स्वयं दोस्रो पक्ष जिम्मेवार हुनेछ ।

६ दोस्रो पक्षले शौचालय हरहमेशा स्वच्छ र सफा राख्नुपर्नेछ ।

७ प्रथम पक्षलाई अनुगमनमा सहयोग तथा विलभपाई बुझाउने जिम्मा दोस्रो पक्षको हुनेछ ।

८ नियमानुसार र प्रचलित कानून अनुसारका विलभर्पाइ भुक्तानी लिन अनिवार्य बुझाउनु पर्नेछ ।

९ प्रोत्साहनको लागि उपलब्ध गराउने खर्च रकममा नियमानुसार कर लाग्नेछ ।

१० नगर कार्यपालिकाद्धारा तयार गरेको ***विपन्न घरधुरीको लागि शौचालय निर्माण सम्वन्धी कार्यविधि, २०७७*** अनिवार्य रुपमा पालन गर्नुपर्नेछ ।

११ अन्य कुराहरु प्रचलित कानून अनुसार गर्नुपर्नेछ ।

**प्रथम पक्षको तर्फवाट**

नाम :-

पद : वडाध्यक्ष

सही :-

कार्यालयको छापः

**दोस्रो पक्षको तर्फवाट**

नाम :-

पद :-

सही :-

**रोहवर**

नाम :-

पद : वडा सचिव

सही :-

आज्ञाले,

मुक्तिराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत